**नेपाल सरकार**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**सूचना प्रविधि विभाग**
**एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र)**
**सिंहदरबार, काठमाडौं**

# सूची दर्ता गर्ने सम्बन्धी सूचना

प्रकाशित मितिः २०८३/०४/०१

यस एकीकृत डाटा व्यवस्थापन केन्द्रका लागि आर्थिक वर्ष २०८३/८४ मा आवश्यक पर्ने विभिन्न मालसामान, निर्माण कार्य, परामर्श सेवा तथा अन्य सेवा खरिद कार्यका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सूची (Standing List) तयार गर्नुपर्ने भएकोले देहाय बमोजिमका कार्य तथा सेवाहरूका लागि योग्यता पुगेका इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी, आपूर्तिकर्ता तथा सेवा प्रदायकहरूबाट सूची दर्ताका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कार्य तथा सेवाहरूको विवरण**

1. सर्भर, स्टोरेज, भर्चुअलाइजेसन, क्लाउड, नेटवर्क तथा सुरक्षा उपकरण आपूर्ति, जडान, सञ्चालन तथा मर्मत सेवा।
2. नेटवर्क, इन्टरनेट तथा कनेक्टिभिटी सम्बन्धी सेवा।
3. कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानर, फोटोकपी, UPS, ब्याट्री तथा अन्य विद्युतीय एवं इलेक्ट्रोनिक उपकरणहरूको आपूर्ति तथा मर्मत कार्य।
4. इन्टरनेट, लोकल एरिया नेटवर्क (LAN), वाइड एरिया नेटवर्क (WAN), फाइबर नेटवर्क जडान तथा मर्मत कार्य।
5. सूचना प्रविधि, डिजिटल रूपान्तरण, साइबर सुरक्षा तथा डाटा व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान तथा परामर्श सेवा।
6. विद्युतीय, इलेक्ट्रो-मेकानिकल, UPS, ब्याट्री, जेनेरेटर, एयर कन्डिसनिङ्ग (HVAC/Precision AC), अर्थिङ्ग, फायर सेफ्टी तथा सम्बन्धित उपकरणहरूको आपूर्ति, जडान, सञ्चालन तथा मर्मत सम्बन्धी कार्य।
7. डाटा सेन्टर, डिजास्टर रिकभरी सेन्टर, क्लाउड कम्प्युटिङ तथा सूचना प्रविधि पूर्वाधार सम्बन्धी अध्ययन, डिजाइन तथा परामर्श सेवा।
8. सफ्टवेयर, मोबाइल एप, वेब एप्लिकेसन, डिजिटल सेवा तथा साइबर सुरक्षा प्रणाली विकास, जडान, सञ्चालन तथा मर्मत सेवा।
9. टेलिफोन, आईपी टेलिफोनी, विद्युतीय तथा इलेक्ट्रो—मेकानिकल प्रणाली जडान, सञ्चालन तथा मर्मत कार्य।
10. तालिम, क्षमता विकास, संस्थागत विकास तथा ज्ञान व्यवस्थापन सम्बन्धी सेवा।
11. छपाई, प्रकाशन, प्रसारण, फोटोग्राफी, भिडियोग्राफी, ग्राफिक्स डिजाइन, एनिमेसन तथा विज्ञापन सम्बन्धी सेवा।
12. सरसफाइ, सुरक्षा, बगैंचा व्यवस्थापन तथा कार्यालय सहयोगी सेवा।
13. सवारी साधन खरिद, मर्मत सम्भार तथा स्पेयर पार्ट्स आपूर्ति सम्बन्धी कार्य।
14. फर्निचर, फर्निसिङ्ग, र्याक तथा कार्यालय सजावट सम्बन्धी सामग्री आपूर्ति तथा मर्मत कार्य।
15. स्टेशनरी, कार्यालय सामग्री तथा उपभोग्य वस्तु आपूर्ति सम्बन्धी कार्य।
16. भवन, डाटा सेन्टर, कार्यालय तथा अन्य पूर्वाधार निर्माण, मर्मत, सम्भार तथा सम्बन्धित परामर्श सेवा।
17. खाद्य, पानी तथा आतिथ्य सेवा सम्बन्धी कार्य।
18. पुस्तक, पत्रपत्रिका, जर्नल, सूचना तथा सन्दर्भ सामग्री आपूर्ति सम्बन्धी कार्य।
19. इन्धन, लुब्रिकेन्ट तथा सम्बन्धित सामग्री आपूर्ति सम्बन्धी कार्य।

**निवेदनसाथ संलग्न हुनुपर्ने कागजातहरू**

1. अनुसूची-२क बमोजिमको ढाँचामा निवेदन ।
2. संस्था वा फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि।
3. स्थायी लेखा नम्बर (**PAN**) वा मूल्य अभिवृद्धि कर (**VAT**) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
4. पछिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
5. सम्बन्धित व्यवसाय सञ्चालन इजाजतपत्र (लाइसेन्स) को प्रतिलिपि।
6. प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको तथा खरिद कारबाहीमा सहभागी हुन अयोग्य नभएको स्वयं घोषणा पत्र।

**द्रष्टव्यः** माथि उल्लिखित प्रत्येक कार्य तथा सेवाका लागि छुट्टाछुट्टै निवेदन दर्ता गराउनुपर्नेछ।